नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरिया सिँचाइ आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई
टीकापुर/सुखड, कैलाली

फोन नं.: ०९१-५६१४१५
rjkis2ndagriculture@gmail.com
https://aciu.rjkip.gov.np
Facebook Page: Rani Jamara Kulariya

कृषि हाटबजार स्थापना तथा स्तरोन्नती कार्यक्रम कार्यान्वयनकालागि आवेदन प्रस्ताव पेशगर्ने बारेको सूचना

सूचना नं. १६/२०८३/८४
(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०८/०४)

रानी जमरा कुलरिया सिंचाइ आयोजना, कृषि कार्याक्रम कार्यान्वयन एकाई, टीकापुरको कार्यक्षेत्रभित्र कृषि वालीबस्तु बजारीकरणमा सहजिकरणकोलागि आयोजनाको आ.व. २०८३/८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने "कृषि हाटबजार स्थापना तथा स्तरोन्नती कार्यक्रम" कार्यान्वयनकालागि लागत साझेदारी गरी सहकार्य गर्न ईच्छुक कृषि हाटबजार व्यवस्थापन समिति, सहकारीले माग आवेदन प्रस्ताव पेश गर्नकोलागि मिति २०८३/०६/२९ गते ३५ दिने सूचना प्रकाशित गरिएकोमा लक्ष्यानुसार आवेदन प्रस्ताव प्राप्त नभएकोले सहकार्य गर्न ईच्छुक कृषि हाटबजार व्यवस्थापन समिति, सहकारीले माग आवेदन प्रस्ताव पेश गर्नुहुन यो सूचना पुनः प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०८/१८ गते कार्यालय समय) भित्र आयोजनाको वेबसाइट/फेसबुक पेजमा प्रकाशित ढाँचा बमोजिमको आवेदन प्रस्ताव यस आयोजनाको कार्यालय, टीकापुर वा सम्पर्क कार्यालय सुखड, कैलालीमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु मूल्याङ्कनमा समावेश गरिनेछैन।

कार्यक्रम	लक्ष्य संख्या	स्वीकृत कूलजम्मा बजेट रकम रु.	लागत साझेदारी सहयोग रकम रु.
कृषि हाटबजार स्थापना तथा स्तरोन्नती कार्यक्रम	१ (कम्तिमा)	२५ लाख	अधिकतम ७५% रकम

कार्यक्रम सञ्चालन हुने क्षेत्रः रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कार्य क्षेत्रभित्र (टीकापुर नगरपालिका, भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, जानकी गाउँपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिका भरी र लम्कीचुहा नगरपालिकाको वडा नं. १० भरी र ३, ५ र ७ का तोकिएका क्षेत्र)

पेश गर्नुपर्ने कागजातहरु

१. निर्दिष्ट फर्मेट अनुसारको प्रस्ताव
२. नेपाल सरकारद्वारा जारी परिचय खुल्ने कागजातको प्रतिलिपी
३. कृषि हाट बजार निर्माण वा स्तरोन्नती गर्ने जग्गाको स्वामित्व र क्षेत्रफल खुल्ने लालपूर्जा/भोकाधिकारको प्रतिलिपि
४. संस्था/समिति दर्ता र कार्यसमितिको निर्णयको प्रतिलिपी
५. हाल सञ्चालन भैरहेको बजारमा कृषि बालीबस्तु बिक्रि बितरण कारोवारको बिवरण
६. अनुमानित लागत ईस्टिमेट बिवरण
७. लागत रकम लगानी गर्नसक्ने सुनिश्चताको पुष्टयाँईको कागजात वा स्वघोषणा

२०८३/०८/०४

थप जानकारी चाहिएमा आयोजनाको कार्यालय टीकापुर वा सम्पर्क कार्यालय सुखडमा सम्पर्क गर्न सकिनेछ